नेपाल सरकार

संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

संघीय मामिला शाखा

सिंहदरबार, काठमान्डौं ।

प.सं.२०७८/७९

च.नं. ३९

मितिः२०७८/०८/१५

श्री स्थानीय तहहरु (७५३) सबै।

बिषयः- आवश्यक सहयोग र समन्वय सम्बन्धमा ।

निर्वाचन आयोग, नेपालको प.स. २०७८/७९/नामावली/२.१/४७४ मिति २०७८।०८।१३ को मतदाता नामावली संकलन कार्यमा आवश्यक सहयोग र समन्वयका लागि सबै स्थानीय तहहरुलाई लेखिएको पत्र यसैसाथ संलग्न छ। पत्रमा लेखिए अनुसार मतदाता नामावली सकलन गर्ने कार्यमा तहाँबाट आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

(केशवराज पार्धे)

शाखा अधिकृत

बोधार्थः

श्री निर्वाचन आयोग नेपाल,
कान्तिपथ, काठमाण्डौं ।

श्री सूचना तथा प्रविधि शाखा-
मन्त्रालयको वेव साइटमा अपलोड गरी सबै स्थानीय तहहरुको email मा समेत पठाइदिनुहुन ।

फोनः४२००२८६, फ्याक्स नं. : ४२००१०८/१०९/११०, वेबसाइट : www.mofaga.gov.np

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL


प.सं. च.नं. Ref. २०७८/७९/नामावली/२.१/४८४

मितिः २०७८/०८/१३

श्री स्थानीय तहहरू (७५३ सबै) ।

**विषयः- आवश्यक सहयोग तथा समन्वय सम्बन्धमा ।**

आयोगको मिति २०७८/०८/०३ को निर्णयानुसार ७७ निर्वाचन कार्यालय, ७७ जिल्ला प्रशासन कार्यालय र विभिन्न ४० वटा इलाका प्रशासन कार्यालयबाट भइरहेको मतदाता नामावली सङ्कलन कार्यलाई निरन्तरता दिँदै यही मिति २०७८/०८/१७ गते देखि उल्लिखित कार्यालयहरू रहेका स्थानीय तह बाहेकका ६३७ वटा स्थानीय तहको केन्द्रबाट समेत मतदाता नामावली सङ्कलन गर्ने गरी विशेष कार्यक्रम शुरू हुँदैछ । मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम हिमाली र पहाडी जिल्लाका स्थानीय तहमा १० दिन तथा तराई, भित्री मधेश र काठमाण्डौ उपत्यकाका स्थानीय तहमा १५ दिनसम्म सञ्चालन हुनेछ ।

उक्त कार्यक्रममा आवश्यक सहयोग तथा समन्वय गर्नको लागि कार्यक्रम सञ्चालन हुने स्थानीय तहका अध्यक्ष/प्रमुख संयोजक रहेको स्थानीय सहयोग समन्वय तथा प्रचारप्रसार समिति रहने व्यवस्था रहेको छ भने उक्त कार्यक्रममा सम्बन्धित स्थानीय तहमा कार्यरत कर्मचारीहरु समेत दर्तास्थल व्यवस्थापक, सहायक दर्ता कर्मचारी र दर्तास्थल सहयोगीको रूपमा परिचालन हुनुपर्नेछ । तसर्थ मतदाता नामावली सङ्कलन विशेष कार्यक्रमलाई सफल बनाउन तहाँबाट आवश्यक समन्वय तथा सहयोग का लागि निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ ।

(सुरेश अधिकारी)
सचिव



कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np